**कार्यपालिका बैठक संख्या नं. ६३** **स्थानः नगरपालिका भवन** **मिति २०८२/१२/०६ गते**

**समयः बिहान ११:०० बजे**

**प्रस्तावहरुः**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. कानून स्वीकृत सम्बन्धमा।
३. नगरपालिकास्तरीय सडक तथा यातायात गुरुयोजना (MTMP) को स्वीकृत सम्बन्धमा।
४. जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (LACC) छनौट सम्बन्धमा।
५. बाख्रा श्रोत केन्द्रको प्रस्ताव स्वीकृत सम्बन्धमा।
६. रैथाने बाली तथा मौरी प्रवर्द्धन कार्यक्रमको प्रस्तावना स्वीकृत सम्बन्धमा।
७. महिला उद्यमीहरुले गर्ने व्यवसायमा अनुदान प्रदान गर्ने प्रस्तावना स्वीकृत सम्बन्धमा।
८. स्थानीय शासन कार्यसम्पादन स्वःमूल्यांकन समन्वय समितिको प्रतिवेदन सम्बन्धमा।
९. वेतलबी विदा स्वीकृत सम्बन्धमा।
१०. नगर बसको माग सम्बन्धमा।
११. राष्ट्रिय आर्थिक गणना, २०८२ सम्बन्धमा।
१२. विभिन्न विकास निर्माण लागि भएको मेसीन प्रयोग र खपत भएको इन्धनको खर्च अनुमोदन सम्बन्धमा।
१३. अस्थायी क्रसर उद्योगको अनुमति सम्बन्धमा।
१४. नयाँ सडक कटिङ्गको भुक्तानी सम्बन्धमा।
१५. बालकल्याण आ वि चलाउनेपानीको २ कोठे भवन निर्माणको भुक्तानी सम्बन्धमा।
१६. अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा।
१७. भुक्तानी फरफारक सम्बन्धमा।
१८. राजश्व रकम बैंक जम्मा गर्ने सम्बन्धमा।
१९. जथाभावी जग्गा प्लटिङ्ग र घर निर्माण रोक सम्बन्धी सूचना जारी गर्ने सम्बन्धमा।
२०. ट्यूसन सेन्टर, जिम हाउस र क्लब दर्ता गर्ने सम्बन्धमा।
२१. काम समयमा सम्पन्न नगर्ने ठेकेदार कम्पनीलाई कालोसूचीमा सिफारिश गर्ने सम्बन्धमा।
२२. सार्वजनिक सुनुवाई सम्बन्धमा।
२३. नवप्रवर्द्धन कार्यक्रमको लागत रकमलाई शीर्षक अनुसार विनियोजन गर्ने सम्बन्धमा।
२४. सिद्ध मन्दिरको ठेक्का म्याद थप सम्बन्धमा।
२५. खानेपानी आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन कार्यसूची (ToR) स्वीकृत सम्बन्धमा।

**कार्यपालिका बैठक नं. ६३ मिति २०८२ चैत्र ०६ गते**

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १**

शारदा नगर कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं. २**

कार्यपालिकाको ५९ र ६२औं बैठकले राय सहित यस कार्यपालिका बैठकमा पेश गर्ने गरी विधेयक समितिमा पठाएको तपसीलमा उल्लेखित कानून प्राप्त राय सुझाव सहित स्वीकृत गर्ने निर्णय गरियो।

(१) शारदा नगरपालिका एकीकृत डिजिटल सेवा प्रवाह तथा सूचना व्यवस्थापन प्रणाली सञ्चालन कार्यविधि, २०८२

(२) लागत साझेदारी प्रवर्द्धन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

(३) वृत्ति मार्गनिर्देशन सेवा संचालन सम्बन्धी कार्यविधि,२०८२

कार्यपालिकाको अर्को बैठकमा पेश हुने गरी तपसीलमा उल्लेखित नियमावली राय सल्लाह सहित पेश गर्ने गरी विधेयक समितिमा पठाउने निर्णय गरियो।

(१) शारदा नगरपालिकाको सरसफाई नियमावली, २०८२

**निर्णय नं. ३**

यस नगर कार्यपालिकाको मिति २०८२ श्रावण ३० गते बसेको ५३औं बैठकले अख्तियारी दिएको सैद्धान्तिक सहमति अनुसार शारदा नगरपालिकाको सडक तथा यातायात गुरुयोजना तयार गर्न कार्यादेश प्राप्त परामर्शदाता कम्पनी श्री **Platform Engineering Consultancy Pvt. Ltd.** काठमाण्डौले पेश गरेको अन्तिम प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजना अन्तर्गत आर्थिक वर्ष २०८३/८४ का लागि अनुसूची १ र २ मा उल्लेखित आयोजनाहरु सञ्चालन तथा परिचालन गर्नका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा प्रस्ताव गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

आर्थिक विकास समितिले सिफारिस गरेको पशु सेवा शाखा अन्तर्गतको तपसिलको कार्यक्रममा प्राप्त प्रस्तावनाहरु कार्यक्रम सञ्चालनका लागि स्वीकृत गर्ने निर्णय गरियो।

तपसिलः

| क्र.स. | कार्यक्रमको नाम | प्रस्तावको नाम | ठेगाना | सम्पर्क व्यक्ति | सिफारिस गर्ने समिति |
|---|---|---|---|---|---|
| १ | बाख्रा श्रोत केन्द्र सञ्चालन | दलित महिला बहुउद्देश्यीय कृषि सहकारी संस्था लि., | शारदा न.पा. -६, सल्यान (कार्यक्षेत्र वार्ड नं १४) | कौसिला कामी | आर्थिक विकास समिति |

**निर्णय नं. ६**

आर्थिक विकास समितिले सिफारिस गरेको कृषि विकास शाखा अन्तर्गतका तपसिलका कार्यक्रमहरुमा प्राप्त प्रस्तावनाहरु कार्यक्रम सञ्चालनका लागि स्वीकृत गर्ने निर्णय गरियो।

तपसिलः

| क्र.स. | कार्यक्रमको नाम | प्रस्तावको नाम | ठेगाना | सम्पर्क व्यक्ति | सिफारिस गर्ने समिति |
|---|---|---|---|---|---|

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| १ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | प्रगतिशिल साना किसान कृषि सहकारी संस्था लि., | शारदा न.पा. -०८, सल्यान | चन्द्र बहादुर कंवर | आर्थिक विकास समिति |
| २ | व्यावसायिक मौरी प्रवर्द्धन कार्यक्रम | सगरमाथा मौरी फर्म | शारदा न.पा. -१२, सल्यान | गोमा थापा | कार्यक्रम का. सहजीकरण समिति |

**निर्णय नं. ७**

सामाजिक विकास समितिले सिफारिस गरेको महिला, बालबालिका तथा समाज कल्याण शाखा अन्तर्गतका तपसिलको कार्यक्रममा प्राप्त प्रस्तावनाहरु कार्यक्रम सञ्चालनका लागि स्वीकृत गर्ने निर्णय गरियो।

तपसिलः

| क्र.स. | कार्यक्रमको नाम | प्रस्तावको नाम | ठेगाना | सम्पर्क व्यक्ति | सिफारिस गर्ने समिति |
|---|---|---|---|---|---|
| १ | महिला उद्यमीहरुले गर्ने व्यवसायमा ५०% अनुदान कार्यक्रम | मुना व्यूटीपार्लर, | शारदा न.पा. -०१, सल्यान | मुना वि क | सामाजिक विकास समिति |
| २ | | प्रतिक आर्ट सेन्टर | शारदा न.पा. -०१, सल्यान | लक्ष्मी कुमारी गिरी | |
| ३ | | श्री द अशिम व्युटि स्टुडियो एण्ड ट्रेनिङ्ग सेन्टर | शारदा न.पा. -०२, सल्यान | अमिशा राज सिंह | |
| ४ | | सगरमाथा फोटो कपी सेन्टर | शारदा न.पा. -०१, सल्यान | हिरा के सी | |

**निर्णय नं. ८**

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. न. २९४ मिति २०८२/११/१९ गतेको परिपत्रानुसार मिति २०८२/११/१९ देखि २०८२/१२/१५ गते सम्ममा प्रविष्ट गरि सक्ने भनी निर्देशन भए बमोजिम शारदा नगरपालिकास्तरीय स्थानीय शासन कार्यसम्पादन स्वःमूल्यांकन समन्वय समितिले पेश गरेको प्रतिवेदन पृष्ठपोषणका लागि जिल्ला समन्वय समिति, सल्यानमा पठाउने निर्णय गरियो।

**निर्णय नं. ९**

कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ को नियम ८२ उपनियम २ बमोजिम पेश हुन आएको यस शारदा नगरपालिका ४ नं. वडा कार्यालयमा कार्यरत सब इन्जिनीयर श्री विन्दु भट्टराईको वेतलबी प्रसुती विदा मिति २०८२ चैत्र १२ गते देखि २०८३ असोज ११ गते सम्म ६ महिनाका लागि स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. १०**

कक्षा ८ र ५ को आधारभूत तहको केन्द्रीकृत परीक्षामा सामेल हुनका लागि त्रिभुवन जन मा. वि., लुहापिङ्ग र महेन्द्र रत्न मा. वि., पिपलनेटाले आफ्ना विद्यार्थीहरुलाई परीक्षा केन्द्रसम्म ल्याउन र लैजानका लागि अनुरोध भई आएकोले प्रति विद्यार्थी भाडा दरमा ५० प्रतिशत छुटमा नगर बसको प्रयोग गर्न दिने निर्णय गरियो।

**निर्णय नं. ११**

वि सं २०८२ चैत्र १ गते देखि २०८३ असार मसान्तसम्मका लागि हुन गइरहेको राष्ट्रिय आर्थिक गणना, २०८२ मा स्थानीय तहको पूर्ण सहभागिता, सहयोग र सहकार्यमा सम्पन्न गर्न राष्ट्रिय आर्थिक गणना सञ्चालन सम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड, २०८२ को दफा १७ अनुसार तपसील बमोजिमको स्थानीय आर्थिक गणना समन्वय समिति तथा आर्थिक गणना वडा सहजीकरण समिति गठन गर्ने निर्णय गरियो।

(क) स्थानीय आर्थिक गणना समन्वय समिति

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

- नगर प्रमुख श्री प्रकाश भण्डारी — संयोजक
- नगर उप प्रमुख श्री सुस्मिता सापकोटा सुनार — सदस्य
- सल्यान उद्योग बाणिज्य संघका अध्यक्ष वा प्रतिनिधि — सदस्य
- घरेलु उद्योग महासंघ सल्यानका अध्यक्ष वा प्रतिनिधि — सदस्य
- महिला उद्यमी संघका अध्यक्ष वा प्रतिनिधि — सदस्य
- नगर प्रहरी प्रमुख श्री यज्ञ बहादुर बोहरा — सदस्य
- कृषि विकास शाखा प्रमुख श्री कविराज ज्ञवाली — सदस्य सचिव

(ख) आर्थिक गणना वडा सहजीकरण समिति

- वडा अध्यक्ष — संयोजक
- वडा सदस्य १ जना — सदस्य
- वाणिज्य तथा व्यापार संघका ३ जना प्रतिनिधि — सदस्य
- सुरक्षा प्रतिनिधि — सदस्य
- वडा सचिव — सदस्य सचिव

**निर्णय नं. १२**

यस आर्थिक वर्ष २०८२/८३ मा नयाँ सडकको ट्र्याक खोल्ने तथा जीर्ण सडकहरुको मर्मत एवं सरसफाईमा प्रयोग भएका स्काभेटर र ब्याकहो लोडरले प्रयोग गरेको इन्धन २५५७ लिटर वापतको रकम रु. ४ लाख २१ हजार ९ सय ५ बराबरको खर्च अनुमोदन गर्नुका यसै गरी विद्यमान समयमा विश्वव्यापी रुपमा ईन्धन आपूर्तिमा परेको समस्याका कारण २ हजार लिटर डिजेल नियमित रुपमा संचित गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. १३**

जर्खु खानेपानी आयोजनाको ठेक्का नं NP-DWSSM-480521-CW-RFB 081-82 को Constructions of Water Supply Project Sharada Municipality, Salyan को कार्य गर्न ठेकेदार कम्पनी HANUMAN-Nir J.V., Laltipur-25, Nepal ले आयोजनालाई आवश्यक पर्ने नदीजन्य पदार्थ आपूर्ति गर्न आयोजना स्थलमा क्रसर मेसीन राख्न अनुमति माग भई आएकोले पूर्वाधार विकास समितिको स्थलगत अनुगमन प्रतिवेदनको आधार तथा प्रारम्भिक वातावरणीय परीक्षण पश्चात प्रचलित कानूनको अधिनमा रही अस्थायी क्रसर उद्योग सञ्चालनका लागि अनुमति प्रदान गर्ने र जिल्ला समन्वय समिति, सल्यान तथा जिल्ला प्रशासन कार्यालय, सल्यानलाई सो को जानकारी पठाउने निर्णय गरियो।

**निर्णय नं. १४**

आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसील अनुसारका मोटर बाटो नगरपालिकाको आफ्नै स्काभेटर मेसीन प्रयोग गरी निर्माण गरेकोले सो बाटोको कार्यसम्पन्न प्रतिवेदन अनुसार हुन आउने बील रकम पालिकाको खर्च खाताबाट राजश्व खातामा आम्दानीका रुपमा खर्च लेखन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो। साथै सो बाटोको कटान गर्दा खपत भएको ईन्धन खर्च यसै बैठकबाट अनुमोदन गरियो।

तपसीलः

(क) वडा नं ९ को धिरुवा नयाँ बस्ती सानीघारे हुँदै जैतपानी जोड्ने मोटरबाटो निर्माण बील रकम रु

(ख) वडा नं ६ को टाकुरा ठूलागैरा साउनेपानी हुँदै गोगनपानी बाटो निर्माण तथा स्तरउन्नती बील रकम रु

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

(ग) वडा नं १३ को वडास्तरीय खेल मैदान निर्माण बील रकम रु

(घ) वडा नं १३ को अत्तरकाँडा देखि स्यानीखाल हुँदै मोख्ला जोड्ने मोटर बाटो स्तरोन्नती बील रकम रु

(ङ) वडा नं १३ को जोगीचौर अमिलबोट हुँदै छत्रेश्वरी सीमाना जोड्ने मोटरबाटो निर्माण बील रकम रु

(च) वडा नं १ को साउने वडाचौर जोड्ने मोटर बाटो निर्माण बील रकम रु

(छ) वडा नं १ मा बाटो र खेलमैदान निर्माण खर्च रु

(ज) वडा नं १४ को कार्पा जाने सडक तथा तुषारे र धाउने ओराल बीच सडक ट्र्याक खोल्ने बील रकम रु

**निर्णय नं. १५**

श्रमदानमा आधारित रही नेपाल प्रहरी, नगर प्रहरी र जनप्रतिनिधिको संयुक्त पहलमा निर्माण भएको यस नगरपालिकाको वडा नं १३ मा रहेको बालकल्याण आधारभूत विद्यालयको २ कोठे भवनको भुक्तानी **शारदा नगरपालिका आयोजना संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१** को दफा १८ बमोजिम गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. १६**

शारदा नगरपालिकाका उपप्रमुख सुस्मिता सापकोटा सुनारले आर्थिक वर्ष २०८२/८३ को पेश गर्नु भएको २०८२ चैत्र ०५ गतेसम्मको अनुगमन प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

यस आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार हालसम्म भएको फरफारक (खर्च तथा भुक्तानी) को अनुमोदन गर्ने निर्णय गरियो । जसमा चालु तर्फ रु. २४,२३,५८,९५३।९३ (४५.८५ प्रतिशत) पूँजीगत तर्फ रु. २,२१,८१,१४६।०० (१७.२१ प्रतिशत) र समग्रमा २६,४५,४०,०९९।९३ (४०.२३ प्रतिशत) रहेको छ ।

**निर्णय नं. १८**

राजश्व रकम संकलन भएको उही दिन वा सो सम्भव नभए त्यसको भोलिपल्ट बैंक दाखिला गर्ने कानूनी प्रावधान भएपनि यस नगरपालिकाको प्रत्येक वडामा बैंकिङ्ग सेवा नरहेकोले वडामा संकलन हुने राजश्व रकम भौगोलिक कठिनताका कारण सोही दिन बैंक दाखिला गर्न कठिनाई रहेकोले हप्ताको एकपटक अनिवार्य रुपमा बैंक जम्मा गर्ने र नगरपालिकालाई सो को जानकारी गराउन प्रमुख प्रशासकीय अधिकृत मार्फत वडा सचिवलाई निर्देशन दिने एवं महालेखा निरीक्षकको कार्यालय तथा महालेखा नियन्त्रकको कार्यालयलाई अवगत गराउने निर्णय गरियो ।

**निर्णय नं. १९**

यस शारदा नगरपालिका क्षेत्रभित्र व्यवस्थित सहरीकरण र भूउपयोग नीतिलाई कार्यान्वयन गर्न नगरपालिकाले तोकेको- **घर जग्गा खण्डीकरण प्लटिङ अनुमति तथा सिफारिस सम्बन्धी कार्यविधधि, २०८२, घर नक्सा पास तथा अभिलेखीकरण सम्बन्धी कार्यविधि, २०८२, सार्वजिनिक सडकमा परेका निजी जग्गाको लगत कट्टा कार्यविधि, २०८२, राष्ट्रिय भवन संहिता, २०८१ एन. सि. बि. : १११, NEPAL NATIONAL BUILDING CODE NBC 205: 2024** लगायत अन्य प्रचलित मापदण्ड बमोजिम मात्र जग्गाको कित्ताकाट, खरिद बिक्री तथा निर्माण कार्य गर्नुपर्ने कानुनी प्रावधान रहेकोमा पछिल्लो समय नगरपालिकाको स्वीकृत **नगरस्तरीय सडक तथा यातायात गुरुयोजना, २०८२** को मापदण्ड विपरीत जग्गा खण्डीकरण गर्ने, अनधिकृत रूपमा कित्ताकाट गरी घडेरी विकसित गर्ने र त्यस्ता जग्गाहरू खरिद बिक्री भइरहेको जनगुनासो प्राप्त हुन आएकोले सम्पूर्ण नगरबासी तथा सरोकारवालाहरूका लागि सार्वजनिक सूचना जारी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. २०**

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक नं. ६३ मिति २०८२ चैत्र ०६ गते**

शारदा नगरपालिका भित्र कानूनी रुपमा दर्ता नभई सञ्चालनमा रहेका ट्यूशन सेन्टर, जिम हाउस, दोहरी साँझ, नाटक तथा चलचित्र घर र क्लबहरुलाई प्रचलित कानून बमोजिम २०८३ बैशाख मसान्तसम्म दर्ता भई सञ्चालन गर्ने गरी सूचना आव्हान गर्ने र सो समय सीमाभित्र दर्ता हुन नआउनेलाई कानून बमोजिम कार्वाही गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

विगत आर्थिक वर्षहरुमा यस नगरपालिकाबाट ठेक्का आव्हान पश्चात कार्य संझौता भई कार्यादेश समेत प्राप्त गरी हालसम्म पनि सम्पन्न हुन नसकेका आयोजनाहरुको लगत तयार गर्न पूर्वाधार विकास शाखा र योजना तथा अनुगमन इकाईलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २२**

आ. व. २०८२/८३ को दोस्रो चौमासिक अवधि (मंसिर देखि फाल्गुनसम्म) को सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८२ चैत्र मसान्त भित्र श्रीनगर स्थित बहुउद्देश्यीय सभा भवनमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

“शारदा नगरपालिका एकीकृत डिजिटल सेवा तथा सूचना व्यवस्थापन प्रणाली )SIDS-MIS)” परियोजना कार्यान्वयनको लागि विनियोजित बजेट रकमलाई देहायबमोजिम प्रचलित ऐन, नियम तथा कार्यविधि बमोजिम स्वीकृत लागत अनुमानभित्र रही खर्च गर्ने निर्णय गरियोः

- सेवा परामर्श (Consultancy) खर्च रु २० लाख ।
- उपकरण (Equipment) खर्च रु ३७ लाख ।
- तालिम (Training) खर्च रु ३ लाख ।

उक्त परियोजनाको कुल लागत रकम मध्ये ३० प्रतिशतका दरले हुन आउने रकम रु १८ लाख यस पालिकाबाट व्यहोर्ने निर्णय समेत गरियो।

साथै, उपरोक्त शीर्षकहरूमा विनियोजित रकम सोही सीमाभित्र रही पारदर्शी, मितव्ययी तथा प्रभावकारी ढंगले खर्च गर्ने तथा आवश्यक प्रक्रिया पूरा गरी कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित शाखालाई दिने निर्णय समेत गरियो।

**परामर्श खर्च )Consultancy Cost)**

| विवरण )Description) | एकाई )Unit) | दर )Rate) | रकम )Amount) |
|---|---|---|---|
| सफ्टवेयर विकास परामर्श | लम्पसम | २०,००,००० | २०,००,००० |
| कुल | | | २०,००,००० |

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

## उपकरणको खर्च )Expenditures on Equipment)

| विवरण )Description) | एकाई )Unit) | दर )Rate) | रकम )Amount) |
|---|---|---|---|
| डेस्कटपल्यापटप/ कम्प्युटर | २४ | ७०००० | १६८०००० |
| टोकन मेसिन | १ | २५०००० | २५०००० |
| डिस्प्ले बोर्ड | १ | २००००० | २००००० |
| लोकल सर्भरक्लाउड होस्टिङ सेटअप/ | १ | ६००००० | ६००००० |
| सर्भर सहायक उपकरण | १ | १७०००० | १७०००० |
| सर्भर व्याकअप | १ | १५०००० | १५०००० |
| प्रिन्टरस्क्यानर/ | १७ | ३०००० | ५१०००० |
| Self-service Kiosk Machine | १ | १४०००० | १४०००० |
| जम्मा | | | ३७०००००० |

## तालिम खर्च )Training Cost)

“शारदा नगरपालिका एकीकृत डिजिटल सेवा तथा सूचना व्यवस्थापन प्रणाली )SIDS-MIS)” परियोजनाको प्रभावकारी कार्यान्वयन तथा दिगो सञ्चालनका लागि सम्बन्धित कर्मचारी, वडा प्रतिनिधि तथा प्रणाली प्रयोगकर्ताहरूको क्षमता अभिवृद्धि अपरिहार्य रहेको छ। यस प्रयोजनका लागि आवश्यक तालिम, अभिमुखीकरण तथा व्यवहारिक अभ्यास कार्यक्रमहरू सञ्चालन गर्न तालिम खर्च विनियोजन गरिएको छ।

| विवरण )Description) | एकाई )Unit) | दर )Rate) | रकम )Amount) |
|---|---|---|---|
| कर्मचारी तालिम | सेट | ३,००,००० | ३,००,००० |
| कुल | | | ३,००,००० |

कार्यपालिका बैठक नं. ६३ मिति २०८२ चैत्र ०६ गते

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

परियोजनाको बजेट खर्चको साझेदारी क्षेत्र

| क्र.स. | बजेट खर्चको क्षेत्र | जम्मा बजेट | प्रदेश सरकार बाट उपलब्ध रकम | स्थानीय सरकारको लागत सहभागिताको रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | जनशक्तिको खर्च | ० | ० | ० | |
| २ | उपकरणको खर्च | ३७००००० | २५९०००० | १११०००० | |
| ३ | निर्माण खर्च | ० | ० | ० | |
| ४ | तालिम खर्च | ३००००० | २१०००० | ९०००० | |
| ५ | परामर्श खर्च | २०००००० | १४००००० | ६००००० | |
| ६ | अनुगमन खर्च | ० | ० | ० | |
| ७ | अन्य खर्च | ० | ० | ० | |
| **जम्मा** | | ६०००००० | ४२००००० | १८००००० | |

**निर्णय नं. २४**

यस शारदा नगरपालिकाको तपसीलका आयोजनालाई थप आर्थिक व्ययभार नपर्ने गरी तपसील अनुसारको समयसीमाका लागि म्याद थप गर्ने निर्णय गरियो ।

| सिन | आयोजनाको नाम | ठेक्का नं. | सम्झौता अवधि | थप अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | Construction of Siddha Temple at Madhana Park, Ward-10, Salyan | SMO/NCB/W/10/2081/82 | २०८२/०६/३० | २०८३/०३/१५ | |

**निर्णय नं. २५**

यस खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना अन्तर्गत आयोजना कार्यान्वयन इकाई (PIU) शारदा मार्फत Municipal Support Team Sharada ले पेश गरेको प्रस्तावित ठूला पाताल नेपाने खानेपानी आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन (Brief Environmental Study-BES) प्रतिवेदनको अनुसूची १ बमोजिमको कार्यसूची (ToR) शारदा नगरपालिका वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन, २०८० को दफा ६ उपदफा ५ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत